सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

मंगलसेन अछाम ।

प.स ०८०/८१
च.नं ६४१

मिति:२०८०/०८/१३

श्री स्थानीय तहहरु सबै
अछाम ।

विययः सूचना टाँस सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस कार्यालयको आ.व ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत एक निर्वाचन क्षेत्र एक उद्योग प्रर्वद्धन कार्यक्रम सम्बन्धी मिति २०८०/०८/१३ गते प्रकाशित सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरि सो को जानकारी यस कार्यालयमा पठाई दिनुहुन अनुरोध छ ।

८/१२

...............................
भीम बहादुर सिंह
कार्यालय प्रमुख

कार्यालय प्रमुख

टेलिफोन नं ०९७-६२०१०९ ईमेल csidbachham1@gmail.com Facebook – घरेलु कार्यालय अछाम

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
मंगलसेन अछाम ।

प.स ०८०/८१
च.न

मिति: २०८०/०८/१३

# एक निर्वाचन क्षेत्र एक उद्योग प्रवर्द्धन कार्यक्रम सम्बन्धी सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०८/१३**

यस कार्यालयको आ.व २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार अछाम जिल्ला भित्रका प्रदेश निर्वाचन क्षेत्र अन्तर्गत एक निर्वाचन क्षेत्र एक उद्योग प्रवर्द्धन कार्यक्रम संञ्चालन गर्नुपर्ने भएकोले सुदूरपश्चिम प्रदेशको उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालयबाट जारी भएको प्रदेश उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्धी वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० बमोजिम योग्यता पुगेका इच्छुक उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले २१(एक्काइस) दिन भित्र तपसिल बमोजिमका कागजात सहित शिलवन्दी प्रस्ताव पेश गर्न सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रका सवै उद्यमीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि यस कार्यालयको फोन नं ०९७-६२०१०९ वा मोवाइल नं ९८५८४८०१०९ मा सम्पर्क गर्न सकिनेछ ।

प्रस्तावदाताले पेश गर्नुपर्ने कागजातहरु: ।

१. उद्योग दर्ता प्रमाण-पत्र ( नविकरण भएको प्रतिलिपि ।
२. स्थायी लेखा नं. प्रमाण- पत्रको प्रतिलिपि ।
३. आ.व ०७९/८० को करचुक्ता प्रमाण – पत्रको प्रतिलिपि ।
४. प्रस्तावित उद्योगको सम्भाव्यता रहेको भन्ने व्यहोराको सम्बन्धित स्थानिय तहको सिफारीस ।
५. उद्योगिको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।
६. कार्यविधिको अनुसूचि १ अनुसूचि २ र अनुसूचि ३ बमोजिमको कागजातहरु पेश गर्नुपर्नेछ ।
७. उद्योगसंग सम्बन्धित विषयको तालिम लिएको प्रमाण-पत्र को प्रतिलिपि ।
८. उद्योग संञ्चालन रहेको जग्गाको लालपूर्जाको प्रतिलिपि (एकाघरको भए नाता खुल्ने प्रमाण-पत्र र दुवै जनाको नागरिकताको प्रतिलिपि) अथवा भाडामा भए कम्तिमा ५ वर्षको भाडा सम्झौता ।
९. प्रस्तावको लगानी गर्ने प्रतिबद्धता र उद्योगको बैंक स्टेटमेण्ट ।
१०. उद्योग कालो सूचिमा नपरेको स्वघोषणा पत्र ।
११. उद्योगले यस अघि मेशिन औजार अनुदान सहयोग नलिएको स्वघोषणा पत्र ।
१२. निवेदन सहित रु २० को हुलाक टिकट ।

भीम बहादुर सिंह
कार्यालय प्रमुख

टेलिफोन नं ०९७-६२०१०९ ईमेल csidbachham1@gmail.com Facebook – घरेलु कार्यालय अछाम

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
मंगलसेन अछाम ।

प.स ०८०/८१
च.न

मिति:२०८०/०८/१३

विषेश शर्तहरु:

१. उद्योग स्थापना भए देखि हालसम्म सरकारी निकायबाट सोही कार्यक्रमका लागि प्रस्तावमा उल्लेखित औद्योगिक उपकरण तथा मेशिनरी सामानमा पछिल्लो ३ वर्ष यता सहयोग रकम नलिएको हुनु पर्ने छ ।

२. उद्योग दर्ता प्रमाण -पत्रमा उल्लेखित ठेगाना अनुसारको प्रदेश निर्वाचन क्षेत्रका लागि छुट्याईएको सहयोग रकमका लागि मात्र प्रस्ताव पेश गर्नुपर्ने छ ।

३. यस कार्यालय अन्तर्गत एक उद्योग लाई बढिमा रु ५,००००० ।- लाख रुपैयाँ सम्मको सहयोग गर्न सकिनेछ । प्रस्तावकको कम्तिमा २० प्रतिशत अनिवार्य लागत साँझेदारी हुनु पर्ने छ ।

४. प्रस्तावकले सिलबन्दी पेश गर्दा खाम बाहिर निर्वाचन क्षेत्र, कार्यक्रमको नाम,उद्योगको नाम,तथा सम्पर्क नं उद्योगको ठेगाना खुलाउनु पर्ने छ ।

५. प्रस्ताव मुल्याङ्कन,छनौट,रकम भुक्तानी विधि लगायतका विषयहरु कार्यविधि बमोजिम हुनेछ ।

६. प्रस्ताव छनौट सम्बन्धी सम्पुर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

७. अनुसूचिहरु तथा कार्यविधि निर्देशनालयको वेवसाईट diccw.sudurpashchim.gov.np मा हेर्न सकिने छ

नोट प्रस्तावकले पेश गरेका सम्पुर्ण कागजातहरु प्रोपराइटरले सहिछाप गरी प्रमाणित गरेको हुनु पर्नेछ ।

कार्यालय प्रमुख

टेलिफोन नं ०९७-६२०१०९ ईमेल csidbachham1@gmail.com Facebook – घरेलु कार्यालय अछाम